बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
हेटौंडा, नेपाल

# स्थानीय तहमा विनियोजित सशर्त अनुदानको वार्षिक कार्यक्रम कार्यान्वयन मार्गदर्शन

## आ.व. २०८०/०८१

बागमती प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

हेटौंडा, मकवानपुर, नेपाल

आर्थिक वर्ष २०८०/०८१ मा स्थानीय तहमा हस्तान्तरित सशर्त अनुदानको वार्षिक कार्यक्रम कार्यान्वयन मार्गदर्शन

माननीय कुमारी मोक्तान
सामाजिक विकास मन्त्री

# विषय सुची

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
हेटौंडा, नेपाल

| विषयवस्तु | पेज न. |
|---|---|
| क) कार्यक्रम सञ्चालन गर्दा मूलतः प्रमुख प्रशासकीय अधिकृत, सम्बन्धित महाशाखा/ शाखा प्रमुख, लेखा प्रमुख तथा फोकल पर्सनले ध्यान दिनुपर्ने महत्वपूर्ण कुराहरू: | १ |
| ख) शिक्षाक्षेत्रसँग सम्बन्धित कार्यक्रमहरुः | २ |
| १. माध्यमिक तहमा शून्य दरबन्दी भएका सामुदायिक माध्यमिक विद्यालयमा अंग्रेजी/ गणित/विज्ञान शिक्षकका लागि शिक्षण सहयोग अनुदान | २ |
| ग) सामाजिक विकास क्षेत्रसँग सम्बन्धित कार्यक्रमहरुः | ११ |
| १. अपाङ्गता भएका व्यक्तिहरुका लागि समुदायमा आधारित पुनर्स्थापना (CBR) सहयोग कार्यक्रम | ११ |
| २. बाल मैत्री स्थानीय तह घोषणा प्रोत्साहन कार्यक्रम | १४ |
| ३. बाबुआमाविहीन बालबालिका संरक्षण कार्यक्रम | १५ |
| ४. बालविवाह अन्त्यका लागि समुदाय परिचालन कार्यक्रम | १७ |

माननीय कुमारी मोक्तान
सामाजिक विकास मन्त्री

**क) कार्यक्रम सञ्चालन गर्दा मूलतः प्रमुख प्रशासकीय अधिकृत, सम्बन्धित महाशाखा/शाखा प्रमुख, लेखा प्रमुख तथा फोकल पर्सनले ध्यान दिनुपर्ने महत्वपूर्ण कुराहरूः**

१. हरेक कार्यक्रमको तयारी तथा सञ्चालन गर्नु पूर्व यस मार्गदर्शनको राम्ररी अध्ययन गर्नु पर्दछ र कार्यक्रम सञ्चालन गर्दा यस मार्गदर्शनको अनिवार्य रूपमा पालना गर्नुपर्नेछ ।

२. यस मार्गदर्शनमा उल्लेखित कुराहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने गराउने जिम्मेवारी कार्यालय प्रमुख तथा महाशाखा प्रमुखको हुनेछ र कार्यान्वयनमा समन्वयकारी भूमिका फोकल पर्सनको हुनेछ ।

३. कार्यक्रम शुरू गर्नु पूर्व कार्यक्रम सञ्चालन प्रक्रिया, अनुमानित खर्च, सहभागी तथा स्रोतव्यक्ति, सहजकर्ताको विस्तृत विवरण, कार्यक्रम सञ्चालन हुने स्थान र मिति उल्लेखित टिप्पणी र आदेश स्वीकृत भए पश्चात् कार्यक्रम सञ्चालन गर्नु गराउनु पर्नेछ ।

४. खरिद तथा निर्माणसँग सम्बन्धित कार्य गर्दा खरिद गर्नुपर्ने सामाग्रीहरुको विज्ञसँग समन्वय गरी स्पेसिफिकेसन, लागत अनुमान र नक्सा डिजाइन तयार गरी स्वीकृत गराइ मात्र गर्नुपर्नेछ ।

५. सशर्त अनुदानमा विनियोजित रकम कार्यक्रम सञ्चालनका लागि कम हुन गएमा वा कार्यक्रम बिस्तार गरी सञ्चालन गर्न आवश्यक भएमा स्थानीय तहको थप श्रोत परिचालन गरी कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।

६. यस मार्गदर्शनको मर्म अनुसार स्वीकृत वार्षिक कार्यक्रमहरू सञ्चालन गर्दा, गराउँदा बजेटको परिधिभित्र रही विभिन्न खर्च शीर्षकहरुमा हुने खर्च सम्बन्धी मापदण्ड प्रदेश सरकार वा नेपाल सरकार अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिका, २०७५ साथै सार्वजानिक खरिद ऐन २०६३, सार्वजानिक खरिद नियमावली २०६४ (संसोधन सहित) वा प्रदेशको आर्थिक ऐन, नियमावली, भ्रमण नियमावली २०६४ (संसोधन सहित) बमोजिम गर्नुपर्नेछ ।

७. सामाजिक विकास मन्त्रालयमा कार्यक्रमको भौतिक तथा वित्तीय प्रगति चौमासिक र वार्षिक रुपमा अनिवार्य पठाउनु पर्नेछ ।

८. यस मन्त्रालयबाट विनियोजित बजेटको सम्बन्धमा यस मार्गदर्शनमा उल्लेख हुन छुट भएका र कुनै विषयमा स्पष्ट हुनुपर्ने भएमा मन्त्रालयसँग समन्वय गरी कार्यान्वयन गर्नुपर्नेछ ।

**माननीय कुमारी मोक्तान**
**सामाजिक विकास मन्त्री**

ख) शिक्षाक्षेत्रसँग सम्बन्धित कार्यक्रमहरुः

२. माध्यमिक तहमा शून्य दरबन्दी भएका सामुदायिक माध्यमिक विद्यालयमा अंग्रेजी/ गणित/विज्ञान शिक्षकका लागि शिक्षण सहयोग अनुदान

| शीर्षक | विवरण |
|---|---|
| कार्यक्रम कार्यान्वयन गर्ने विद्यालय | बागमती प्रदेशका विभिन्न स्थानीय तहका २७० विद्यालय |
| उद्देश्य | माध्यमिक तहमा शून्य दरबन्दी भएका माध्यमिक विद्यालयहरूमा अङ्ग्रेजी वा गणित वा विज्ञान विषयका शिक्षक नियुक्ति गरी शैक्षिक गुणस्तर अभिवृद्धिमा टेवा पुऱ्याउनु |
| सञ्चालन प्रक्रिया | १. माध्यमिक तहमा शून्य दरबन्दी भएका विद्यालयले प्रदेश सरकारको अनुदानबाट तलब भत्ता पाउने गरी अंग्रेजी, गणित वा विज्ञान विषयमध्ये कुनै एक विषयमा करार शिक्षक नियुक्त गर्ने प्रचलित ऐन, नियम अनुसार करार शिक्षक नियुक्त गर्दा अबलम्बन गर्नु पर्ने प्रक्रिया अवलम्बन गरी शिक्षक नियुक्त गर्नु पर्नेछ । यसरी नियुक्त भएका शिक्षकहरूको तलब भत्तामा मात्र यस शीर्षकबाट खर्च गर्ने र अन्य कार्यमा खर्च गर्न नपाइने ।<br>२. बुँदा नं १ अनुसार नियुक्त भएका शिक्षकहरूको सम्बन्धित स्थानीय तहमा अभिलेखीकरण गर्ने र सोको जानकारी सामाजिक विकास मन्त्रालय र शिक्षा विकास निर्देशनालय, बागमती प्रदेशलाई स्थानीय तहले पठाउने,<br>३. विद्यालयले निज शिक्षकको हाजिरी प्रमाणित सहित शिक्षण सिकाइ सहयोग अनुदानको लागि माग फाराम भरी स्थानीय तहमा पेस गर्ने,<br>४. शिक्षण सिकाइ अनुदान कोटामा नियुक्त करार शिक्षकले माध्यमिक तह तृतीय श्रेणीको शिक्षकले पाउने शुरु तलब बराबरको रकम नियुक्ति भई हाजिर भएको मितिदेखि अन्य शिक्षकले भुक्तानी पाउने प्रक्रिया/समय अनुसार नै निकासा गर्ने,<br>५. स्थानीय तहबाट नियमित रुपमा अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सामाजिक विकास मन्त्रालय र शिक्षा विकास निर्देशनालय, बागमती प्रदेशमा समेत पठाउने<br>६. देहाय बमोजिमका विद्यालयलाई प्रति विद्यालय रू. ५,६८,०००/- का दरले शिक्षण सिकाइ सहयोग अनुदान सम्बन्धित स्थानीय तहलाई वित्तीय हस्तान्तरण भएको : |

| क.सं. | जिल्ला | विद्यालयको नाम | स्थानीय तह |
|---|---|---|---|
| १ | रामेछाप | सरस्वती मा.वि., प्रिती | उमाकुण्ड गा.पा.-५ |
| २ | रामेछाप | कास्थेम मा.वि., भुजी | उमाकुण्ड गा.पा.-७ |
| ३ | रामेछाप | भिमेश्वर मा.वि., रामपुर | रामेछाप न.पा.-५ |
| ४ | रामेछाप | पटनादेवी मा.वि., भालुखोप | रामेछाप न.पा.-७ |
| ५ | रामेछाप | अन्तर्राष्ट्रिय युवावर्ष मा.वि. | दोरम्बा गा.पा.-७ |
| ६ | रामेछाप | खारपानी मा.वि. | दोरम्बा गा.पा.-४ |

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
हेटौंडा, नेपाल



| शीर्षक | विवरण | | | |
|---|---|---|---|---|
| | ७ | रामेछाप | मा.वि., मन्दर मेलचौर | सुनापती गा.पा.-२ |
| | ८ | रामेछाप | अग्लेश्वर मा.वि., दिमिपोखरी | सुनापती गा.पा.-२ |
| | ९ | रामेछाप | कृष्ण मा.वि., डोगमा | सुनापती गा.पा.-३ |
| | १० | रामेछाप | जनजागृत मा.वि., खोट्पस्वाँरा | सुनापती गा.पा.-३ |
| | ११ | रामेछाप | जलदेवी मा.वि., खनियापानी | सुनापती गा.पा.-५ |
| | १२ | रामेछाप | ज्योती मा.वि., गाल्पा | खाँडादेवी गा.पा.-७ |
| | १३ | रामेछाप | सेतीदेवी मा.वि., चुचुरे | गोकुलगंगा गा.पा.-१ |
| | १४ | रामेछाप | बौद्ध मा.वि., विस्ली | मन्थली न.पा.-१४ |
| | १५ | रामेछाप | हरिसिद्धि मा.वि., चनखु | मन्थली न.पा.-१० |
| | १६ | रामेछाप | कालिका मा.वि., भलुवाजोर | मन्थली न.पा.-६ |
| | १७ | रामेछाप | हरिसिद्धि मा.वि., फुलासी | मन्थली न.पा.-१४ |
| | १८ | रामेछाप | अरूणोदय मा.वि., सैपु | लिखु तामाकोशी गा.पा.-२ |
| | १९ | रामेछाप | बालज्योती मा.वि., तिल्पुङ | लिखु तामाकोशी गा.पा.-७ |
| | २० | धादिङ | दोङदेनदेवी मा.वि. | रूवी भ्याली गा.पा.-२ |
| | २१ | धादिङ | च्याम्रादेवी मा.वि. | रूवी भ्याली गा.पा.-३ |
| | २२ | धादिङ | शिंगलादेवी मा.वि. | खनीयाबास गा.पा.-१ |
| | २३ | धादिङ | झारलाङ मा.वि. | खनीयाबास गा.पा.-२ |
| | २४ | धादिङ | वृचेत मा.वि. | खनीयाबास गा.पा.-३ |
| | २५ | धादिङ | बेन्दीदेवी मा.वि. | खनीयाबास गा.पा.-२ |
| | २६ | धादिङ | पासाङचोकमहादेव मा.वि. | गंगाजमुना गा.पा.-२ |
| | २७ | धादिङ | शिवालय मा.वि. | गंगाजमुना गा.पा.-६ |
| | २८ | धादिङ | बसेरी मा.वि. | गंगाजमुना गा.पा.-६ |
| | २९ | धादिङ | महेन्द्रोदय मा.वि. | त्रिपुरा सुन्दरी गा.पा.-३ |
| | ३० | धादिङ | मंगलादेवी मा.वि. | नेत्रावती डवजोङ गा.पा.-१ |
| | ३१ | धादिङ | शंखादेवी मा.वि. | नीलकण्ठ न.पा.-१ |
| | ३२ | धादिङ | सुनौलोभैरवी मा.वि. | नीलकण्ठ न.पा.-७ |
| | ३३ | धादिङ | तमैरातमाटे मा.वि. | नीलकण्ठ न.पा.-१४ |
| | ३४ | धादिङ | बालमन्दिर मा.वि. | नीलकण्ठ न.पा.-३ |
| | ३५ | धादिङ | गैरीगाउँ मा.वि. | नीलकण्ठ न.पा.-४ |
| | ३६ | धादिङ | पाल्पासामरीभञ्ज्याङ मा.वि. | नीलकण्ठ न.पा.-९ |
| | ३७ | धादिङ | कुमारीदेवी मा.वि. | नीलकण्ठ न.पा.-१० |
| | ३८ | धादिङ | मन्जुश्री मा.वि. | नीलकण्ठ न.पा.-११ |
| | ३९ | धादिङ | वरपिपल मा.वि. | नीलकण्ठ न.पा.-१२ |

| शीर्षक | विवरण | | | |
|---|---|---|---|---|
| | ४० | धादिङ | पञ्चकन्या मा.वि. | नीलकण्ठ न.पा.-१४ |
| | ४१ | धादिङ | मनरूपी मा.वि. | नीलकण्ठ न.पा.-१३ |
| | ४२ | धादिङ | रघु मा.वि. | नीलकण्ठ न.पा.-६ |
| | ४३ | धादिङ | ठुलोचौर मा.वि. | ज्वालामुखी गा.पा.-२ |
| | ४४ | धादिङ | अन्नपूर्ण मा.वि. | ज्वालामुखी गा.पा.-५ |
| | ४५ | धादिङ | बालादेवी मा.वि. | ज्वालामुखी गा.पा.-५ |
| | ४६ | धादिङ | नलाङ मा.वि. | सिद्धलेक गा.पा.-१ |
| | ४७ | धादिङ | नलाङपात्ले मा.वि. | सिद्धलेक गा.पा.-२ |
| | ४८ | धादिङ | पञ्चमुखी मा.वि. | सिद्धलेक गा.पा.-३ |
| | ४९ | धादिङ | सुन्दरी मा.वि. | सिद्धलेक गा.पा.-६ |
| | ५० | धादिङ | हर्कपुर मा.वि. | बेनिघाट रोराङ्ग गा.पा.-४ |
| | ५१ | धादिङ | चन्द्रोदय मा.वि. | बेनिघाट रोराङ्ग गा.पा.-५ |
| | ५२ | धादिङ | पञ्चकन्या मा.वि. | बेनिघाट रोराङ्ग गा.पा.-६ |
| | ५३ | धादिङ | राष्ट्रिय मा.वि. | बेनिघाट रोराङ्ग गा.पा.-१० |
| | ५४ | धादिङ | भानुभक्त मा.वि. | गजुरी गा.पा.-६ |
| | ५५ | धादिङ | पिण्डेश्वरी मा.वि. | गजुरी गा.पा.-४ |
| | ५६ | धादिङ | अमान्तादेवी मा.वि. | गल्छी गा.पा.-५ |
| | ५७ | धादिङ | लिलाकाली मा.वि. | थाक्रे गा.पा.-२ |
| | ५८ | धादिङ | अर्मखु मा.वि. | थाक्रे गा.पा.-३ |
| | ५९ | धादिङ | लितिमहांकाल मा.वि. | थाक्रे गा.पा.-४ |
| | ६० | धादिङ | आदर्श मा.वि. | थाक्रे गा.पा.-५ |
| | ६१ | धादिङ | सेतीदेवी मा.वि. | थाक्रे गा.पा.-६ |
| | ६२ | धादिङ | केवलपुर हरिहर भोजकुमारी मा.वि. | थाक्रे गा.पा.-१० |
| | ६३ | धादिङ | महाकाली किसान मा.वि. | धुनीबेसी न.पा.-१ |
| | ६४ | धादिङ | महेन्द्रोदय मा.वि. | धुनीबेसी न.पा.-१ |
| | ६५ | धादिङ | रामकोट मा.वि. | निलकण्ठ ना.पा.-८ |
| | ६६ | मकवानपुर | सरस्वती मा.वि., देउखेल आग्रा | थाहा न.पा. |
| | ६७ | मकवानपुर | भूकुटी मा.वि., चुरियामाई | हेटौंडा उपम.न.पा.- १४ |
| | ६८ | मकवानपुर | कालिका मा.वि., धियाल | बकैया गा.पा.-२ |
| | ६९ | मकवानपुर | जनजागृत मा.वि., शिखरपुर | बकैया गा.पा.-८ |
| | ७० | मकवानपुर | प्रभात मा.वि., श्रीपुर | बकैया गा.पा.-५ |
| | ७१ | मकवानपुर | पञ्चकन्या मा.वि., कुलेखानी | इन्द्रसरोवर गा.पा.-२ |

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
हेटौंडा, नेपाल

| शीर्षक | विवरण | | | |
|---|---|---|---|---|
| | ७२ | मकवानपुर | कालिका मा.वि., फाखेल | इन्द्रसरोवर गा.पा.-४ |
| | ७३ | मकवानपुर | कमलादेवी मा.वि., छ्याङदुङ | कैलास गा.पा. |
| | ७४ | मकवानपुर | वंशगोपाल मा .वि.कुर्लेदमार | मकवानपुरगढी गा.पा. |
| | ७५ | मकवानपुर | मनकामना मा.वि. | मकवानपुरगढी गा.पा.-४ |
| | ७६ | दोलखा | खारे मा.वि. | गौरीशंकर गा.पा. |
| | ७७ | दोलखा | हिमवर्ती मा.वि. | गौरीशंकर गा.पा. |
| | ७८ | दोलखा | बालोदय मा.वि. | कालिन्चोक गा.पा. |
| | ७९ | दोलखा | मागापौवा मा.वि. | शैलुङ गा.पा. |
| | ८० | दोलखा | देवलिङ्गेश्वर मा.वि. | विगु गा.पा. |
| | ८१ | दोलखा | गुसेश्वर मा.वि. | तामाकोशी गा.पा. |
| | ८२ | दोलखा | जुके मा.वि. | मेलुङ गा.पा. |
| | ८३ | दोलखा | भीम मा.वि. | मेलुङ गा.पा. |
| | ८४ | दोलखा | भुमेस्थान मा.वि. | मेलुङ गा.पा. |
| | ८५ | दोलखा | विष्णु मा.वि. | बैतेश्वर गा.पा. |
| | ८६ | दोलखा | कालिका मा.वि. | जिरी न.पा. |
| | ८७ | दोलखा | कालिदेवी मा.वि. | जिरी न.पा. |
| | ८८ | दोलखा | देवीटार मा.वि. | विगु गा.पा.-५ |
| | ८९ | दोलखा | कालिञ्चोक मा.वि. | विगु गा.पा.-८ |
| | ९० | भक्तपुर | गणेश मा .वि.नगदेश | मध्यपुरथिमी न.पा. |
| | ९१ | भक्तपुर | गणेश माभर्वाचो .वि. | भक्तपुर न.पा. |
| | ९२ | भक्तपुर | कुलमाया भगवती मा.वि. | सूर्यविनायक न.पा. |
| | ९३ | भक्तपुर | बाल्मिकेश्वर मा.वि. | चाँगुनारायण न.पा. |
| | ९४ | चितवन | राष्ट्रिय मा.वि., गर्दास | इच्छाकामना गा.पा.-७ |
| | ९५ | चितवन | राष्ट्रिय हात्तीमाड मा.वि. | इच्छाकामना गा.पा.-१ |
| | ९६ | चितवन | ज्ञानज्योती मा.वि., ढुंग्रे | इच्छाकामना गा.पा.-१ |
| | ९७ | चितवन | मा.वि. रेडक्रसग्राम | कालकि न.पा.-१ |
| | ९८ | चितवन | राष्ट्रिय मा.वि., मजबाड | कालकि न.पा.-६ |
| | ९९ | चितवन | जमुनापुर मा.वि. | कालकि न.पा.-५ |
| | १०० | चितवन | थाकलटार मा,.वि. थाकलटार | रासी न.पा.-१ |
| | १०१ | चितवन | गणेश मा.वि., यौरालीटार | रासी न.पा.-३ |
| | १०२ | चितवन | महादेवटार मा.वि. | रासी न.पा.-५ |
| | १०३ | चितवन | खैरेनी मा.वि. | माडी न.पा.-१ |
| | १०४ | चितवन | कृष्णनगर मा.वि. | माडी न.पा.-८ |



माननीय कुमारी मोक्तान
सामाजिक विकास मन्त्री

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
हेटौंडा, नेपाल



| शीर्षक | विवरण | | | |
|---|---|---|---|---|
| | १०५ | चितवन | दिवाकर स्मृति मा.वि. | माडी न.पा. |
| | १०६ | चितवन | राष्ट्रिय मा.वि., तोरीखेत | भरतपुर म.न.पा.पा. -५ |
| | १०७ | चितवन | मोहन मा.वि. | भरतपुर म.न.पा.पा. -१० |
| | १०८ | चितवन | गौरिगञ्ज मा.वि. | भरतपुर म.न.पा.पा. -८ |
| | १०९ | चितवन | मा.वि. बारघरे | भरतपुर म.न.पा.पा. -४ |
| | ११० | चितवन | मा.वि. शोसी | भरतपुर म.न.पा.पा. -२५ |
| | १११ | चितवन | मा.वि. इन्द्रपुरी | भरतपुर म.न.पा.पा. -६ |
| | ११२ | चितवन | मा.वि. शशिनगर | भरतपुर म.न.पा.पा. -१८ |
| | ११३ | चितवन | पञ्चकन्या मा.वि., जिरौना | रत्ननगर न.पा. -११ |
| | ११४ | चितवन | बकुल्लर मा.वि. | रत्ननगर न.पा. -१ |
| | ११५ | चितवन | कपरखोरी मा.वि. | रत्ननगर न.पा. -९ |
| | ११६ | चितवन | चित्रसारी मा.वि. | रत्ननगर न.पा. -८ |
| | ११७ | चितवन | माधवपुर मा.वि. | रत्ननगर न.पा.-१५ |
| | ११८ | चितवन | द्वारिकादास मा.वि. | रत्ननगर न.पा.-१४ |
| | ११९ | चितवन | भद्रकाली मा.वि., हात्तीगाडे | रत्ननगर न.पा.-१५ |
| | १२० | चितवन | सगरमाथा मा.वि. | माडी न.पा.-९ |
| | १२१ | चितवन | रानीखोला मा.वि. | इच्छाकामना गा.पा.७ |
| | १२२ | सिन्धुपाल्चोक | कमलादेवी मा.वि. | इन्द्रावती गा.पा.-६ |
| | १२३ | सिन्धुपाल्चोक | सेतीदेवी मा.वि. | इन्द्रावती गा.पा.-११ |
| | १२४ | सिन्धुपाल्चोक | सिंहमति मा.वि. | इन्द्रावती गा.पा.-३ |
| | १२५ | सिन्धुपाल्चोक | ठूलोथकनी मा.वि. | मेलम्ची न.पा.-४ |
| | १२६ | सिन्धुपाल्चोक | बतासे मा.वि. | मेलम्ची न.पा.-५ |
| | १२७ | सिन्धुपाल्चोक | सातकन्या मा.वि. | मेलम्ची न.पा.-६ |
| | १२८ | सिन्धुपाल्चोक | महाकाली मा.वि. | मेलम्ची न.पा.-१२ |
| | १२९ | सिन्धुपाल्चोक | कालिका चेतन मा.वि. | मेलम्ची न.पा.-१३ |
| | १३० | सिन्धुपाल्चोक | भिमसेन मा.वि. | भोटेकोशी गा.पा.-५ |
| | १३१ | सिन्धुपाल्चोक | मार्मिङ मा.वि. | भोटेकोशी गा.पा.-५ |
| | १३२ | सिन्धुपाल्चोक | धनेश्वरी मा.वि. | भोटेकोशी गा.पा.-५ |
| | १३३ | सिन्धुपाल्चोक | उग्रचण्डी मा.वि. | भोटेकोशी गा.पा.-१ |
| | १३४ | सिन्धुपाल्चोक | कागेश्वरी मा.वि. | त्रिपुरासुन्दरी गा.पा.-१ |
| | १३५ | सिन्धुपाल्चोक | राम मा.वि. | त्रिपुरासुन्दरी गा.पा.-२ |
| | १३६ | सिन्धुपाल्चोक | कालिदेवी मा.वि. | चौतारा साँगाचोकगढी न.पा.-४ |
| | १३७ | सिन्धुपाल्चोक | कुण्डला मा.वि. | चौतारा साँगाचोकगढी न.पा.-१३ |

| शीर्षक | विवरण | | | |
|---|---|---|---|---|
| | १३८ | सिन्धुपाल्चोक | दक्षिणकाली मा.वि. | चौतारा साँगाचोकगढी न.पा.-३ |
| | १३९ | सिन्धुपाल्चोक | इन्द्रावती मा.वि. | चौतारा साँगाचोकगढी न.पा.-११ |
| | १४० | सिन्धुपाल्चोक | रामदेवी मा.वि. | चौतारा साँगाचोकगढी न.पा.-१० |
| | १४१ | सिन्धुपाल्चोक | सुकुटे मा.वि. | चौतारा साँगाचोकगढी न.पा.-१० |
| | १४२ | सिन्धुपाल्चोक | रामेश्वर मा.वि. | जुगल गा.पा.-५ |
| | १४३ | सिन्धुपाल्चोक | वनकालीदेवी मा.वि. | जुगल गा.पा.-६ |
| | १४४ | सिन्धुपाल्चोक | सेतीदेवी मा.वि. | जुगल गा.पा.-३ |
| | १४५ | सिन्धुपाल्चोक | भिमसेन मा.वि. | जुगल गा.पा.-२ |
| | १४६ | सिन्धुपाल्चोक | बलेफी मा.वि. | बलेफी गा.पा.-५ |
| | १४७ | सिन्धुपाल्चोक | भीमसेन मा.वि. | बलेफी गा.पा.-५ |
| | १४८ | सिन्धुपाल्चोक | सरस्वती मा.वि. | बलेफी गा.पा.-७ |
| | १४९ | सिन्धुपाल्चोक | सेतीदेवी मा.वि. | बलेफी गा.पा.-४ |
| | १५० | सिन्धुपाल्चोक | चण्डिका मा.वि. | पाँचपोखरी थाङ्पाल गा.पा.-२ |
| | १५१ | सिन्धुपाल्चोक | भोताजदेवी मा.वि. | पाँचपोखरी थाङ्पाल गा.पा.-३ |
| | १५२ | सिन्धुपाल्चोक | सातकन्या मा.वि. | पाँचपोखरी थाङ्पाल गा.पा.-५ |
| | १५३ | सिन्धुपाल्चोक | भोटेनाम्लाङ मा.वि. | पाँचपोखरी थाङ्पाल गा.पा.-७ |
| | १५४ | सिन्धुपाल्चोक | घिच्चेत उसिदुम मा.वि. | लिसंखुपाखर गा.पा.-३ |
| | १५५ | सिन्धुपाल्चोक | सम्पदा मा.वि. | लिसंखुपाखर गा.पा.-५ |
| | १५६ | सिन्धुपाल्चोक | देवी मा.वि. | लिसंखुपाखर गा.पा.-६ |
| | १५७ | सिन्धुपाल्चोक | सर्वोदय मा.वि. | हेलम्बु गा.पा.-५ |
| | १५८ | सिन्धुपाल्चोक | पाल्चोक मा.वि. | हेलम्बु गा.पा.-३ |
| | १५९ | सिन्धुपाल्चोक | नुर्बुलिङ्मनिचौर मा.वि. | हेलम्बु गा.पा.-२ |
| | १६० | सिन्धुपाल्चोक | जनजागृती मा.वि. | सुनकोशी गा.पा.-३ |
| | १६१ | सिन्धुपाल्चोक | जुगल मा.वि. | जुगल गा.पा.-६ |
| | १६२ | सिन्धुली | महाकाली मा.वि., पोटीखाङसाङ | फिक्कल गा .पा. |
| | १६३ | सिन्धुली | जनजागृती मा,.वि. ढोडेनी | फिक्कल गा .पा. |
| | १६४ | सिन्धुली | मा.वि. चण्डीभञ्ज्याङ्ग, सुम्नामसुन्तले | फिक्कल गा .पा. |
| | १६५ | सिन्धुली | मा.वि. सोखुडिहीटार | फिक्कल गा.पा. |
| | १६६ | सिन्धुली | जनजागृति मा.वि., कोगटी | दुधौली न .पा. |
| | १६७ | सिन्धुली | मा.वि. सुगारे | दुधौली नपा. |
| | १६८ | सिन्धुली | मा.वि. वाँसवोटे | दुधौली न . पा. |
| | १६९ | सिन्धुली | मा.वि. पात्लेभञ्ज्याङ्ग | दुधौली नपा. |
| | १७० | सिन्धुली | मा.वि. पचरुखी | दुधौली नपा. |



माननीय कुमारी मोक्तान
सामाजिक विकास मन्त्री

| शीर्षक | विवरण | | | |
|---|---|---|---|---|
| | १७१ | सिन्धुली | कमला मा.वि. धनसरी | दुधौली नपा. |
| | १७२ | सिन्धुली | अरुणोदय मा.वि., राताटार | दुधौली नपा. |
| | १७३ | सिन्धुली | राष्ट्रिय मा.वि., कालापानी | दुधौली न . पा. |
| | १७४ | सिन्धुली | भानु मा.वि., रतनपुर | दुधौली नपा. |
| | १७५ | सिन्धुली | मा.वि. वाङ्ग्रिङफेदी | तिनपाटन गा .पा. |
| | १७६ | सिन्धुली | जनसेवा मा.वि., रिट्ठे | तिनपाटन गा .पा. |
| | १७७ | सिन्धुली | मा.वि. हलिडाँडा | तिनपाटन गा .पा. |
| | १७८ | सिन्धुली | मा.वि. महभीर | तिनपाटन गा .पा. |
| | १७९ | सिन्धुली | सरस्वती मा.वि., हिलेपानी साखाजोर | तिनपाटन गा .पा. |
| | १८० | सिन्धुली | पाटनदेवी मा वि कोटगाउँ | तिनपाटन गा .पा. |
| | १८१ | सिन्धुली | मा.वि. वतासे आँपटार | तिनपाटन गा .पा. |
| | १८२ | सिन्धुली | मा.वि. सान्धाने, जरायोटार | तिनपाटन गा.पा. |
| | १८३ | सिन्धुली | शिशाबोट मा वि | तिनपाटन गा.पा. |
| | १८४ | सिन्धुली | गौरीखानी मा.वि. | तिनपाटन गा.पा. |
| | १८५ | सिन्धुली | वत्सला मा.वि., दिङदिङकिराँते | गोलन्जोर गा.पा. |
| | १८६ | सिन्धुली | नवज्योति बहिरा मा.वि., जसेदमार | कमलामाई न.पा. |
| | १८७ | सिन्धुली | मा .वि.तिनपाटन, बाझे | कमलामाई न.पा. |
| | १८८ | सिन्धुली | मा.वि. चिलाउनेडाँडा, भीरगाउँ | कमलामाई न.पा. |
| | १८९ | सिन्धुली | जनजागृति मा.वि., टङ्गसार | कमलामाई न.पा. |
| | १९० | सिन्धुली | कालिका मा.वि., पल्लो रामपुर | कमलामाई न .पा. |
| | १९१ | सिन्धुली | पञ्चकन्या मा.वि., कुँडुले | कमलामाई न.पा. |
| | १९२ | सिन्धुली | बरुणेश्वर मा.वि., वरुणसिस्नेरी | मरिण गा.पा. |
| | १९३ | सिन्धुली | मा.वि. कात्तिके | मरिण गा.पा. |
| | १९४ | सिन्धुली | मा.वि. ठुलीदमार | मरिण गा.पा. |
| | १९५ | सिन्धुली | भानुभक्त मा.वि., तीनकुना | हरिहरपुरगढी गा.पा. |
| | १९६ | सिन्धुली | कुशेश्वर मा.वि., धप्सार | हरिहरपुरगढी गा.पा. |
| | १९७ | सिन्धुली | मा वि बोटेनी | हरिहरपुरगढी गा.पा. |
| | १९८ | सिन्धुली | सिद्ध मा.वि., कोटगाउँ रमिते | सुनकोशी गा.पा. |
| | १९९ | सिन्धुली | ग्रामकाली मा.वि., अमारे | सुनकोशी गा.पा. |
| | २०० | नुवाकोट | मंगलादेवी मा.वि. | सूर्यगढी गा.पा |
| | २०१ | नुवाकोट | कालिका मा.वि. | सूर्यगढी गा.पा.-४ |
| | २०२ | नुवाकोट | गणेश मा.वि. | सूर्यगढी गा.पा.-५ |

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
हेटौंडा, नेपाल

| शीर्षक | विवरण | | | |
|---|---|---|---|---|
| | २०३ | नुवाकोट | त्रिभुवन मा.वि. | किस्पाङ गा.पा.-५ |
| | २०४ | नुवाकोट | जल्जुखोला मा.वि. | किस्पाङ गा.पा.-१ |
| | २०५ | नुवाकोट | साल्मे मा.वि. | किस्पाङ गा.पा.-४ |
| | २०६ | नुवाकोट | सरस्वती मा.वि. | ककनी गा.पा.-५ |
| | २०७ | नुवाकोट | राष्ट्रिय मा.वि. | ककनी गा.पा.-८ |
| | २०८ | नुवाकोट | रामायणछाप मा.वि. | शिवपुरी गा.पा.-३ |
| | २०९ | नुवाकोट | जानकी मा.वि. | शिवपुरी गा.पा.-५ |
| | २१० | नुवाकोट | कालिकादेवी मा.वि. | शिवपुरी गा.पा.-६ |
| | २११ | नुवाकोट | ग्रामिणदेवी मा.वि. | शिवपुरी गा.पा.-७ |
| | २१२ | नुवाकोट | कुम्भेश्वर मा.वि. | शिवपुरी गा.पा.-७ |
| | २१३ | नुवाकोट | सञ्जिवनी मा.वि. | पञ्चकन्या गा.पा.-२ |
| | २१४ | नुवाकोट | कालिका मा.वि. | पञ्चकन्या गा.पा.-२ |
| | २१५ | नुवाकोट | वच्छला मा.वि. | पञ्चकन्या गा.पा.-५ |
| | २१६ | नुवाकोट | भेडावारी मा.वि. | पञ्चकन्या गा.पा.-५ |
| | २१७ | नुवाकोट | पञ्चकन्या मा.वि. | पञ्चकन्या गा.पा.-३ |
| | २१८ | नुवाकोट | मंगला मा.वि. | पञ्चकन्या गा.पा.-४ |
| | २१९ | नुवाकोट | विरेन्द्र मा.वि. | विदुर न.पा.-१२ |
| | २२० | नुवाकोट | वच्छला मा.वि. | विदुर न.पा.-७ |
| | २२१ | नुवाकोट | कालिका मा.वि. | विदुर न.पा.-११ |
| | २२२ | नुवाकोट | पृथ्वी मा.वि. | विदुर न.पा.-४ |
| | २२३ | नुवाकोट | सीता मा.वि. | म्यागङ गा.पा.-१ |
| | २२४ | नुवाकोट | देउराली मा.वि. | म्यागङ गा.पा.-३ |
| | २२५ | नुवाकोट | सुन्दरादेवी मा.वि. | तादी गा.पा.-४ |
| | २२६ | नुवाकोट | रालुका मा.वि. | तादी गा.पा.-२ |
| | २२७ | नुवाकोट | सुन्दरा मा.वि. | तादी गा.पा.-१ |
| | २२८ | नुवाकोट | घयाङफेदी मा.वि. | दुप्चेश्वर गा.पा.-१ |
| | २२९ | नुवाकोट | माप्ले मा.वि. | दुप्चेश्वर गा.पा.-२ |
| | २३० | नुवाकोट | रुकमणी मा.वि. | दुप्चेश्वर गा.पा.-६ |
| | २३१ | नुवाकोट | महादेव मा.वि. | दुप्चेश्वर गा.पा.-५ |
| | २३२ | नुवाकोट | सरस्वती मा.वि. | दुप्चेश्वर गा.पा.-२ |
| | २३३ | नुवाकोट | वीरेन्द्र मा.वि. | दुप्चेश्वर गा.पा.-२ |
| | २३४ | नुवाकोट | पिपलडाँडा मा.वि. | तारकेश्वर गा.पा.-२ |
| | २३५ | नुवाकोट | आरुखर्क मा.वि. | बेलकोटगढी न.पा.-१ |



माननीय कुमारी मोक्तान
सामाजिक विकास मन्त्री

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
हेटौंडा, नेपाल



| शीर्षक | विवरण | | | |
|---|---|---|---|---|
| | २३६ | नुवाकोट | वेलकोटभञ्ज्याङ्ग मा.वि. | बेलकोटगढी न.पा.-१ |
| | २३७ | नुवाकोट | चण्डादेवी मा.वि. | बेलकोटगढी न.पा.-१२ |
| | २३८ | नुवाकोट | मालिका मा.वि. | बेलकोटगढी न.पा.-६ |
| | २३९ | नुवाकोट | महामाया मा.वि. | बेलकोटगढी न.पा.-९ |
| | २४० | नुवाकोट | शिलादेवी मा.वि. | बेलकोटगढी न.पा.-७ |
| | २४१ | नुवाकोट | गौलिगेश्वर मा.वि. | बेलकोटगढी न.पा.-५ |
| | २४२ | नुवाकोट | पञ्चास मा.वि. | बेलकोटगढी न.पा.-४ |
| | २४३ | नुवाकोट | जागृति मा.वि. | तादी गा.पा.-६ |
| | २४४ | रसुवा | हाकु मा.वि. | आमाछोदिङमो गा.पा.-१ |
| | २४५ | रसुवा | ने.रा.मा.वि. | आमाछोदिङमो गा.पा.-३ |
| | २४६ | रसुवा | सेतिभूमे मा.वि. | कालिका गा.पा. -१ |
| | २४७ | रसुवा | नारायण मा.वि. | नौकुण्ड गा.पा.-१ |
| | २४८ | रसुवा | गौतमबुद्ध मा.वि. | |
| | २४९ | रसुवा | गोसाइकुण्ड मा.वि. | नौकुण्ड गा.पा.-६ |
| | २५० | काठमाडौं | कुञ्चीप्वाकल मा.वि. | तारकेश्वर न.पा.- १ |
| | २५१ | काठमाडौं | कालिकाशरण मा.वि. | तारकेश्वर न.पा.- ३ |
| | २५२ | काठमाडौं | भिमढुङ्गा मा.वि. | नागार्जुन न.पा.-८ |
| | २५३ | काठमाडौं | चण्डेश्वरी मा.वि. | टोखा न.पा. -२ |
| | २५४ | काठमाडौं | उग्रतारा मा.वि. | शंखरापुर न.पा.-८ |
| | २५५ | ललितपुर | कालीदेवी मा.वि., लामाटार | महालक्ष्मी न.पा. |
| | २५६ | काभ्रेपलाञ्चोक | भीमेश्वर मा.वि. | रोशी गा.पा. -११ |
| | २५७ | काभ्रेपलाञ्चोक | जुगेश्वर मा.वि. | रोशी गा.पा. -११ |
| | २५८ | काभ्रेपलाञ्चोक | ज्ञानेश्वरी मा.वि. | पाँचखाल न.पा. -१ |
| | २५९ | काभ्रेपलाञ्चोक | देउराली मा.वि. | चौरीदेउराली गा.पा. |
| | २६० | काभ्रेपलाञ्चोक | देवीस्थान मा.वि. | धुलिखेल न.पा. -१ |
| | २६१ | काभ्रेपलाञ्चोक | कालीदेवी मा.वि. | महाभारत गा.पा. |
| | २६२ | काभ्रेपलाञ्चोक | भैरव मा.वि. | महाभारत गा.पा. |
| | २६३ | काभ्रेपलाञ्चोक | सेतीदेवी मा.वि. | तेमाल गा.पा. -८ |
| | २६४ | काभ्रेपलाञ्चोक | जनहित मा.वि. | खानीखोला गा.पा. |
| | २६५ | काभ्रेपलाञ्चोक | बुद्ध मा.वि. | खानीखोला गा.पा. |
| | २६६ | काभ्रेपलाञ्चोक | धार्नेज्योति मा.वि. | खानीखोला गा.पा. |
| | २६७ | काभ्रेपलाञ्चोक | शारदा मा.वि. | खानीखोला गा.पा. |
| | २६८ | काभ्रेपलाञ्चोक | रत्नचुण्डेश्वर मा.वि. | बनेपा न.पा. -२ |



मानिनीय कुमारी मोक्तान
सामाजिक विकास मन्त्री

| शीर्षक | विवरण | | | |
|---|---|---|---|---|
| | २६९ | काभ्रेपलाञ्चोक | चक्रज्योती मा.वि. | बनेपा न.पा. -१३ |
| | २७० | काभ्रेपलाञ्चोक | डेडीथुम्का मा.वि. | मण्डनदेउपुर न.पा. |
| जिम्मेवार निकाय | सम्बन्धी विद्यालय, स्थानीय तह र शिक्षा विकास निर्देशनालय | | | |
| बजेट बाँडफाँट | प्रचलित नियमानुसार माध्यमिक तह तृतीय श्रेणी शिक्षकको शुरु तलब स्केलले हुने १२ महिनाको तलब र चाडपर्व खर्च समेत | | | |
| अपेक्षित उपलब्धि | माध्यमिक तहमा शून्य दरबन्दी भएका विद्यालयलाई शिक्षक व्यवस्थापन सहज भई गुणस्तरीय शिक्षा प्रवाहमा सहयोग पुऱ्याउने | | | |
| अनुगमन र मूल्याङ्कन सूचक | • माध्यमिक तहमा शून्य दरबन्दी भएका विद्यालयको विवरण<br>• शिक्षण सिकाइ सहयोग अनुदानमा नियुक्त गरिएका करार शिक्षकको नामनामेसी विवरण<br>• माग फाराम र निकासा पत्र | | | |
| प्रतिवेदन प्रणाली | चौमासिक रुपमा प्रतिवेदन सामाजिक विकास मन्त्रालय र शिक्षा विकास निर्देशनालयमा पेश गर्नुपर्ने । | | | |

## ग) सामाजिक विकास क्षेत्रसँग सम्बन्धित कार्यक्रमहरुः

### १. अपाङ्गता भएका व्यक्तिहरुका लागि समुदायमा आधारित पुनर्स्थापना (CBR) सहयोग कार्यक्रम

| शीर्षक | विवरण |
|---|---|
| स्थानीय तह | बागमती प्रदेशका सबै (११९) स्थानीय तह |
| उद्देश्य | १. अपाङ्गता भएका व्यक्तिहरूप्रति समाज र परिवारमा सकारात्मक धारणाको विकास गर्ने,<br>२. अपाङ्गता भएका व्यक्तिहरूको सर्वाङ्गीण विकासको लागि स्थानीय समुदाय र विकासका साझेदार निकायलाई परिचालन गर्दै अपाङ्गता भएका व्यक्तिहरूको सहभागिता बढाउने,<br>३. अपाङ्गता हुन नदिन समयमा नै पहिचान, रोकथाम, न्यूनीकरण र अपाङ्गता भएका व्यक्तिहरूलाई चिकित्सकीय तथा अन्य सेवाद्वारा पुनर्स्थापना गर्ने,<br>४. सबै प्रकारका अपाङ्गता भएका व्यक्तिलाई विभिन्न समान अवसरका सेवा (शिक्षा, स्वास्थ्य, तालिम, सीप, नेतृत्व विकास, लघु कर्जा, सहायक सामग्री आदि) उपलब्ध गराउने र सामाजिक तथा आर्थिक सशक्तीकरण गरी विकासको मूल प्रवाहमा ल्याई सक्षम तथा स्वाबलम्बी बनाउने । |
| कार्यक्रम सञ्चालन प्रक्रिया | १. स्थानीय तह स्वयंले वा अपाङ्गताको क्षेत्रमा काम गर्ने संघ संस्थाको साझेदारीमा यो कार्यक्रम सञ्चालन गर्न सकिनेछ । कार्यक्रम सञ्चालन गर्ने प्रक्रिया, सञ्चालन गर्ने कार्यक्रम सम्बन्धमा **CBR कार्यक्रम समन्वय तथा अनुगमन समिति**को निर्णयबाट तय गर्नु पर्नेछ ।<br>२. संघसंस्थाको साझेदारीमा कार्यक्रम सञ्चालन गर्नु परेमा देहायबमोजिम गर्नु पर्नेछः-<br>• संस्था छनौटका लागि सम्बन्धित संघ संस्थाहरूलाई प्रस्तावपत्र पेस गर्न १५ दिनको म्याद दिई सूचना प्रकाशन गर्ने, |



माननीय कुमारी मोक्तान
सामाजिक विकास मन्त्री

| शीर्षक | विवरण |
|---|---|
| | • अपाङ्गताको क्षेत्रमा कार्य गरेका, प्रचलित कानुन बमोजिम प्रस्तावपत्र पेस गरी कार्यक्रम सञ्चालन गर्न योग्य र सम्भव भएसम्म सम्बन्धित स्थानीय तहमा कार्यरत भएको वा सो नभएमा सम्बन्धित जिल्लामा कार्यरत संस्थाले यस कार्यक्रमका लागि प्रस्ताव पत्र पेस गर्न सक्ने,<br>• प्राप्त प्रस्तावपत्रको छनोट गर्ने मापदण्ड सम्बन्धित स्थानीय तहबाट स्वीकृत गरी सोको आधारमा उत्कृष्ट भएको संस्थालाई कार्यक्रम संचालन गर्ने साझेदार संस्थाको रूपमा छनोट गर्नु पर्नेछ ।<br>• छनोट भएको संस्थासँग सम्बन्धित स्थानीय तहले सम्झौता गरी उक्त सम्झौताको शर्तको अधीनमा रही कार्यक्रम सञ्चालन गर्नु पर्नेछ । |
| **CBR कार्यक्रम समन्वय तथा अनुगमन समिति** | प्रत्येक स्थानीय तहमा तपसिल बमोजिमको CBR कार्यक्रम समन्वय तथा अनुगमन समिति रहनेछः-<br>१. सम्बन्धित स्थानीय तहको उपप्रमुख/उपाध्यक्ष - संयोजक<br>२. सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत - सदस्य<br>३. सम्बन्धित स्थानीय तह/जिल्लामा अपाङ्गताको क्षेत्रमा कार्यरत संघ/संस्थामध्येबाट संयोजकले मनोनित गरेको १ जना - सदस्य<br>४. अपाङ्गता भएका व्यक्तिका परिवारका सदस्यमध्येबाट संयोजकले मनोनित गर्ने १ जना - सदस्य<br>५. सम्बन्धित स्थानीय तहको महिला तथा बालबालिका शाखा/सामाजिक विकास शाखा हेर्ने कर्मचारी - सदस्य-सचिव |
| **CBR कार्यक्रम समन्वय तथा अनुगमन समिति काम, कर्तव्य र अधिकार** | (क) कार्यक्रम कार्यान्वयनका लागि आवश्यक क्रियाकलापको निर्धारण गर्ने,<br>(ख) कार्यक्रम खर्चको क्रियाकलापगत रूपमा बाँडफाँट गर्ने,<br>(ग) कार्यक्रम कार्यान्वयन गर्ने प्रक्रिया सम्बन्धमा निर्णय गर्ने,<br>(घ) संघ संस्थाको साझेदारीमा सञ्चालन गर्ने भए संस्था छनौटको मापदण्ड र आधार तयार गर्ने, सूचना बमोजिम प्राप्त प्रस्ताव पत्रहरूको मूल्याङ्कन गरी संस्था छनौट गर्ने, कार्यक्रम सञ्चालनका कार्यशर्तहरू तयार गर्ने,<br>(ङ) कार्यक्रमको अनुगमन गर्ने र सोको प्रतिवेदन पेस गर्ने,<br>(च) छनौट भएको संस्थाको कार्यसम्पादन सन्तोषजनक नभएमा आवश्यक कारवाही गर्ने,<br>(छ) कार्यक्रमको प्रभावकारी रुपमा कार्यान्वयन गर्ने जिम्मेवारी रहने । |
| **साझेदारी गर्न नहुने संस्था** | देहायका संस्थाहरूलाई अनुदान रकम उपलब्ध गराउन पाइने छैन :–<br>(क) विगतमा स्थानीय तहबाट लिएको अनुदानको हिसाब पेस नगरेको,<br>(ख) प्रचलित कानुनबमोजिम दर्ता, नवीकरण, कर चुक्ता लगायत आवश्यक कानुनी कागजातहरू पेस |

| शीर्षक | विवरण |
|---|---|
| | नगरेको,<br>(ग) गत आर्थिक वर्षको प्रगति प्रतिवेदन, लेखापरीक्षण प्रतिवेदन पेस नगरेको,<br>(घ) स्थानीय तहले तोकेको समयमा सम्झौता गर्न नआएको,<br>(ङ) कुनै गैर कानुनी कार्यमा संलग्न भई प्रचलित कानुन बमोजिम अयोग्य भएको । |
| कार्यक्रम कार्यान्यनका लागि सञ्चालन गर्न सकिने क्रियाकलाप | १. अपाङ्गता भएका व्यक्तिहरूको आर्थिक सामाजिक एवम् राजनैतिक सशक्तीकरण गर्ने सम्बन्धी कार्यक्रम,<br>२. अपाङ्गता भएका व्यक्तिहरूको विद्यमान आर्थिक, राजनैतिक एवम् कानूनी अधिकार लगायत अपाङ्गता भएका व्यक्तिहरूले प्राप्त गर्न सक्ने सेवा, सुविधा, अवसर बारे जानकारी दिने, परामर्श दिने एवम् सेवा र अवसर प्राप्त गर्न मद्दत गर्ने सम्बन्धी क्रियाकलाप,<br>३. अपाङ्गता भएका व्यक्तिहरूलाई सार्वजनिक विकास निर्माण तथा सार्वजनिक चासो र सरोकार राख्ने सम्बन्धी विषयहरूमा सहभागीता गर्न गराउन प्रोत्साहन गर्ने सम्बन्धी कार्यक्रम,<br>४. अपाङ्गता भएका नागरिकको र आम नागरिकको अधिकार र राज्यप्रतिको कर्तव्य बोध गराउनेसम्बन्धी चेतनामूलक कार्यक्रम,<br>५. अपाङ्गता भएका व्यक्तिको क्षमता विकास, सीप विकास, नेतृत्त्व विकास गर्ने सम्बन्धी तालिम अन्तर्क्रिया वा गोष्ठी सञ्चालनसम्बन्धी कार्यक्रम,<br>६. अपाङ्गता भएका व्यक्तिहरूलाई स्वाबलम्बी एवम् स्वरोजगार बनाउने जस्ता आत्मनिर्भरता अभिवृद्धि गर्ने सम्बन्धी कार्यक्रम,<br>७. अपाङ्गता भएका व्यक्तिहरू सम्बन्धित तथ्याङ्क, सूचना एवम् विवरणको संकलन र यससम्बन्धी अध्ययन वा अनुसन्धानको कार्य,<br>८. अपाङ्गता भएका व्यक्तिहरूको पहिचान, परामर्श, पूर्व तयारी कक्षा सञ्चालन, समाहित शिक्षा, विशेष शिक्षा, तालिम (रोजगार र व्यासायिक तालिम) स्वास्थ्योपचार सेवा, स्याहार र रेखदेख सेवा सम्बन्धी कार्य,<br>९. अपाङ्गता भएका व्यक्ति, परिवार, स्थानीय तहका पदाधिकारी समुदायका लागि अपाङ्गपन निरोध, न्यूनीकरण एवं उपचारात्मक लगायत सचेतना सम्बन्धी तालिम, कार्यक्रम, गोष्ठी, सभा, अन्तर्क्रिया सञ्चालन गर्ने गराउने,<br>१०. अपाङ्गता भएका व्यक्तिलाई आवश्यक पर्ने सहायक सामाग्री उपलब्ध गराउने,<br>११. अपाङ्गता भएका व्यक्तिको हक अधिकारको संरक्षण एवं प्रवर्द्धन गर्न अन्य क्रियाकलाप,<br>१२. यस कार्यक्रमको उद्देश्य परिपूर्ति हुने किसिमका अन्य क्रियाकलापहरू । |



माननीय कुमारी मोक्तान
सामाजिक विकास मन्त्री

| शीर्षक | विवरण |
|---|---|
| अनुदान प्राप्त गर्ने संस्थाको दायित्व | अनुदान प्राप्त गर्ने संस्थाले देहायको दायित्व बहन गर्नुपर्नेछ :–<br>(क) प्राप्त अनुदानको प्रचलित कानुनबमोजिम खर्च गर्ने र सोको लेखा राख्ने,<br>(ख) कार्यक्रमको वित्तीय तथा भौतिक प्रगति विवरण सम्झौता बमोजिम स्थानीय तहले मागेको बखत उपलब्ध गराउने,<br>(ग) प्रचलित कानुनबमोजिम लेखा परीक्षण गराइ आर्थिक वर्ष समाप्त भएको पहिलो त्रैमासिकभित्र उक्त लेखापरीक्षण प्रतिवेदन सम्बन्धित स्थानीय तहमा पेस गर्ने । |
| बजेट बाँडफाँट र स्वीकृति | प्रचलित नियमानुसार कार्यक्रम तथा बजेट बाँडफाँट स्वीकृत गरी कार्यक्रम सञ्चालन गर्नु पर्नेछ । |
| खर्च, लेखा र लेखापरीक्षणः | १. कार्यक्रम सञ्चालनका लागि उपलब्ध गराइएको अनुदान रकम खर्च गर्दा संस्थाले प्रचलित सार्वजनिक खरिद कानुन, आर्थिक कार्यविधि कानुन तथा कार्यसंचालन निर्देशिकाको अधिनमा रही गर्नु पर्नेछ ।<br>२. संस्थाले प्रचलित लेखा प्रणाली बमोजिम पारदर्शी ढंगबाट खर्चको लेखा राख्नु पर्नेछ ।<br>३. कार्यक्रमको लेखा परीक्षण प्रचलित कानुन बमोजिम हुनेछ । |
| अनुगमन र मुल्याङ्कन सूचक | कार्यक्रम प्रतिवेदन, अनुगमन प्रतिवेदन, खर्च विवरण एवम् बिल भरपाई तथा अन्य स्रेस्ता कागजातहरू तथा कार्यक्रम सम्बन्धी फोटोहरू |
| प्रतिवेदन | कार्यक्रमको प्रगति प्रतिवेदन त्रैमासिक र वार्षिक रूपमा तयार गरी सम्बन्धित स्थानीय तहले सामाजिक विकास मन्त्रालयमा पठाउनु पर्नेछ । |

## २. बाल मैत्री स्थानीय तह घोषणा प्रोत्साहन कार्यक्रम

| शीर्षक | विवरण |
|---|---|
| स्थानीय तह | बागमती प्रदेशका सबै (११९) स्थानीय तह |
| उद्देश्य | १. बालबालिकामाथि हुने सबै किसिमका शारीरिक वा मानसिक हिंसा, क्षति वा दुर्व्यवहार, उपे[illegible] शोषण, यौन दुर्व्यवहारबाट संरक्षण गर्ने,<br>२. बालबालिकाको सर्वाङ्गीण विकास तथा अर्थपूर्ण बाल सहभागितामा अभिवृद्धि गर्ने,<br>३. बालमैत्री स्थानीय शासन प्रवर्द्धनका लागि सरोकारवाला निकायहरुबीच समन्वय, सहकार्य र साझेदारी नीति अबलम्वन गरी संस्थागत क्षमता विकास गरी बालमैत्री प्रदेश निर्माणमा सहयोग पुऱ्याउने । |
| सञ्चालन गर्न सकिने कार्यक्रम | १. बालमैत्री स्थानीय तह घोषणा गर्दा पूरा गर्नुपर्ने सम्पूर्ण सूचकहरुको कार्यान्वयन योजना निर्माण तथा स्वीकृत गरी सो अनुसारको कार्यक्रम कार्यान्वयन गर्न,<br>२. बालमैत्री स्थानीय तह घोषणा भइसकेका स्थानीय तहहरुले पूरा भएका सूचकहरुको दिगोपनाको लागि कार्यक्रम बनाई कार्यान्वयन गर्न,<br>३. बालविवाह अन्त्य, निकृष्ट प्रकारको बालश्रम तथा घरपरिवार र समुदायबाट बालबालिका विरुद्ध हुने हिंसा अन्त्य, बेचबिखन, शोषण, दुर्व्यवहार जस्ता घरेलु हिंसा अन्त्य गर्न कार्ययोजना तयार गरी |

| शीर्षक | विवरण |
|---|---|
| | कार्यान्वयनमा ल्याउन,<br>४. औपचारिक शिक्षाबाट वञ्चित बालबालिकाको लागि अनौपचारिक शिक्षा प्राप्त गर्ने व्यवस्था सम्बन्धी कार्यक्रम संचालन गर्न,<br>५. स्थानीय तहको निर्णय प्रक्रियामा १२ देखि १८ वर्षसम्मका बालबालिकाहरूको संस्थागत सहभागिताको संयन्त्र विकास गरी सहभागी गराउन तथा क्षमता विकास गर्न,<br>६. स्थानीय तहले संचालन गर्ने योजनामा बालबालिकाको योजना तथा कार्यक्रम समेटिने कार्यक्रम गर्न,<br>७. स्थानीय तहमा बाल अधिकार समिति तथा बालमैत्री स्थानीय शासन प्रवर्द्धन समिति गठन तथा क्षमता विकास कार्यक्रम गर्न,<br>८. बालबालिकाका लागि स्थानीय विकास योजना र लगानी योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याउन,<br>९. स्थानीय तहमा बालबालिका सम्बन्धी स्थितिपत्र तयारी तथा प्रकाशन र अद्यावधिक गर्न,<br>१०. स्थानीय तहले बालमैत्री स्थानीय तहका घोषणाका लागि प्रभावकारी ठानिएका अन्य कार्यहरु गर्न ।<br>११. बालमैत्री स्थानीय तह घोषणाका लागि आवश्यक पर्ने कार्यक्रम कार्यान्वयन गर्नका लागि थप स्रोत साधन स्थानीय तहबाट व्यवस्थापन गर्नुपर्नेछ । |
| बजेट बाँडफाँट र स्वीकृति | प्रचलित नियमानुसार कार्यक्रम तथा बजेट बाँडफाँट स्वीकृत गरी कार्यक्रम सञ्चालन गर्नु पर्नेछ । |
| अनुगमन र मुल्याङ्कन सूचक | कार्यक्रम प्रतिवेदन, अनुगमन प्रतिवेदन, खर्च विवरण एवम् बिल भरपाई तथा अन्य स्रेस्ता कागजातहरू तथा कार्यक्रम सम्बन्धी फोटोहरू |
| प्रतिवेदन | बालमैत्री प्रोत्साहन कार्यक्रमको प्रगति प्रतिवेदन चौमासिक र वार्षिक रूपमा तयार गरी स्थानीय तहले सामाजिक विकास मन्त्रालयमा पठाउनुपर्नेछ । |

## ३. बाबुआमाविहीन बालबालिका संरक्षण कार्यक्रम

| शीर्षक | विवरण |
|---|---|
| स्थानीय तह | बागमती प्रदेशका सबै (११९) स्थानीय तह |
| उद्देश्य | बाबुआमा दुवै गुमाएका बालबालिकाको शिक्षा, स्वास्थ्य र पोषणको सुनिश्चितता गरी सामाजिक संरक्षण गर्नु |
| लक्षित समूह | बाबु र आमाविहीन १८ वर्ष उमेर पूरा नगरेका बालबालिका |
| कार्यक्रम संचालन प्रक्रिया | १. बाबु र आमा दुवैको मृत्यु भएका वा दुवै बेपत्ता भएका वा दुवैको संरक्षण र रेखदेखबाट वञ्चित भई अरुको संरक्षणमा रहेका र यस मार्गदर्शन बमोजिम योग्यता पुगेका बालबालिकालाई मासिक रूपमा भत्ता वितरण गरिनेछ ।<br>२. चालु आर्थिक वर्षमा यस कार्यक्रमका लागि स्थानीय तहबाट सामाजिक विकास मन्त्रालयमा पेस गरेको विवरण तथा अद्यावधिक अभिलेख बमोजिमका बाबुआमाविहीन बालबालिकाहरूलाई |



माननीय कुमारी मोक्तान
सामाजिक विकास मन्त्री

| शीर्षक | विवरण |
|---|---|
| | मासिक रु.२,०००/- का दरले चौमासिक रूपमा भत्ता वितरण गर्ने । |
| नँया लाभग्राही बाबुआमाविहीन बालबालिका दर्ता प्रक्रिया | चालु आर्थिक वर्षमा यस कार्यक्रमभित्र समावेश नभएका मापदण्ड पूरा गरेका बाबुआमाविहीन बालबालिकाहरूको नयाँ विवरण दर्ताका लागि देहायको प्रक्रिया अवलम्बन गर्नु पर्नेछः-<br>१. यस कार्यक्रम बमोजिम भत्ता प्राप्त गर्न योग्य बालबालिकाले वा निजको संरक्षक, माथवर वा स्याहार सुसार गर्ने व्यक्तिले सम्बन्धित स्थानीय तहको वडा कार्यालयमा आवेदन दिनु पर्नेछ । त्यस्तो आवेदनको ढाँचा स्थानीय तहले निर्धारण गरेबमोजिम हुनेछ ।<br>२. आवेदनको साथमा देहायका कागजातहरू संलग्न गर्नुपर्नेछः<br>(क) जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि (नागरिकता भएमा नागरिकता प्रमाणपत्रको प्रतिलिपि)<br>(ख) बाबु र आमा दुवैको मृत्युदर्ता प्रमाणपत्रको प्रतिलिपि वा बाबु र आमा दुवै बेपत्ता भएका वा दुवैको संरक्षण र रेखदेखबाट पूर्ण रूपमा वञ्चितीमा परेको भनी स्थानीय तहबाट प्रमाणित कागजात,<br>(ग) विद्यालयमा भर्ना भई नियमित विद्यालय जाने गरेको भनी विद्यालयले दिएको सिफारिस पत्र (५ वर्ष उमेर पूरा गरेको बालबालिकाको हकमा मात्र)<br>(घ) संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि,<br>(ङ) सम्बन्धित बालबालिकाको संरक्षक हो भनी वडाले दिएको सिफारिस पत्र<br>३. सम्बन्धित वडा कार्यालयमा प्राप्त निवेदनको सङ्कलन गरी सोको सम्पूर्ण विवरण तथा कागजात वडा कार्यालयले गाँउ/नगर कार्यपालिकाको कार्यालयमा पठाउनु पर्नेछ ।<br>४. गाँउ/नगर कार्यपालिकाको कार्यालयले वडा कार्यालयबाट प्राप्त आवेदनको आवश्यक छानविनपश्चात् भत्ता प्राप्त गर्न योग्य बालबालिका एकिन गरी लाभग्राही बालबालिकाको नाम नामेसी र निजको बाबु र आमा दुवैको मृत्यु वा बेपत्ता सम्बन्धी विवरण जनाइ आमाबाबुविहीन बालबालिका संरक्षण भत्ता लाभग्राहीको रूपमा दर्ता किताबमा दर्ता गर्ने व्यवस्था मिलाउनु पर्नेछ<br>५. लाभग्राही एकिन भई दर्ता भएका बाबुआमाविहीन बालबालिकाको आवेदनसाथ संलग्न सङ्कलित प्रमाण तथा कागजातहरू व्यवस्थित रूपमा फाइलिङ गरी राख्नु पर्नेछ । |
| लाभग्राही बालबालिकाको योग्यता | देहायको अवस्था भएका बालबालिकालाई यस कार्यक्रम अन्तर्गत बाबुआमाविहीन बालबालिका संरक्षण भत्ता प्राप्त गर्ने लाभग्राही बालबालिका मानिनेछ ।<br>१. बाबु र आमा दुवैको मृत्यु भएको वा दुवै बेपत्ता भएको वा दुवैको संरक्षण र रेखदेखबाट बञ्चित भई अरुको संरक्षणमा रहेको,<br>२. १८ वर्ष उमेर पूरा नगरेको,<br>३. ५ वर्ष उमेर पूरा गरेको बालबालिकाको हकमा विद्यालयमा भर्ना भई नियमित विद्यालय जाने गरेको,<br>४. कुनै गैरकानुनी वा अपराधिक कार्यमा संलग्न नभएको,<br>५. उल्लेखित योग्यता पूरा गरी यस मार्गदर्शनबमोजिम बाबुआमाविहीन बालबालिकाको रूपमा स्थानीय तहमा दर्ता भएको, |

| शीर्षक | विवरण |
|---|---|
| अभिलेख व्यवस्था र प्रतिवेदन | १. यस कार्यक्रम अन्तर्गत स्थानीय तहमा दर्ता भएका लाभग्राही बाबुआमाविहीन बालबालिकाको वडागत रूपमा अद्यावधिक विवरण राख्नु पर्नेछ ।<br>२. यस मार्गदर्शनबमोजिम भत्ता प्राप्त गर्ने योग्यताभित्र नपरेका लाभग्राही बालबालिकाको समयमै लगत कट्टा गरी दर्ता किताबमा जनाउनु पर्नेछ ।<br>३. लगत कट्टा गरी अद्यावधिक रहेको लाभग्राहीको विवरण आगामी आर्थिक वर्षका लागि प्रत्येक चैत्र मसान्तसम्ममा सामाजिक विकास मन्त्रालयमा पठाउनु पर्नेछ । सो अवधिभित्र विवरण प्राप्त नभएमा आगामी वर्षको लागि बजेट प्रस्ताव हुनेछैन । साथै समयमै विवरण उपलब्ध नगराइ सामाजिक विकास मन्त्रालयबाट बजेट विनियोजन नभएमा दायित्व कायम भएका लाभग्राहीलाई तोकिएको रकम उपलब्ध गराउने जिम्मेवारी सम्बन्धित स्थानीय तहको हुनेछ ।<br>४. कार्यक्रमको उद्देश्य प्रतिकूल हुनेगरी दायित्व सिर्जना गर्न पाइने छैन । यदि थप दायित्व सिर्जना भएमा त्यसको सम्पूर्ण जिम्मेवारी स्थानीय तहको हुनेछ ।<br>५. सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम २३ बमोजिम सामाजिक विकास मन्त्रालयमा पेस गर्ने प्रतिवेदनमा यस कार्यक्रम बमोजिम वितरण भएको भत्ताको विवरण समेत समावेश गर्नुपर्नेछ । |
| खर्चको मापदण्ड र प्रक्रिया | १. स्थानीय तहले यस कार्यक्रम बमोजिमको लाभग्राही बालबालिकाको अद्यावधिक विवरण अनुसार सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट निकासा प्राप्त गर्न सक्नेछन् ।<br>२. प्राप्त निकासा रकम बालबालिकाको भत्ता बाहेक अन्य कार्यमा खर्च गर्न वा रकमान्तर गर्न पाइने छैन र दोहोरो पर्ने गरी भत्ता वितरण गर्न पाइने छैन तर संघीय सरकार वा स्थानीय तहबाट वा अन्य कुनै प्रकृतिको भत्ता प्राप्त गरिरहेको भए अन्य कटौती गरी यस कार्यक्रम बमोजिमको भत्ता प्रदान गर्न बाधा पर्ने छैन ।<br>३. भत्ता प्राप्त गर्ने सम्बन्धित लाभग्राही बालबालिकालाई मात्र वा निजको संरक्षक भएमा संरक्षकलाई मात्र भत्ता रकम भरपाई गरी वितरण गर्नु पर्नेछ । |
| अनुगमन र मुल्याङ्कन सूचक | लाभग्राही बाबुआमाविहीन बालबालिकाको अद्यावधिक विवरण तथा अभिलेख, लाभग्राहीहरूको आवश्यक प्रमाण तथा कागजातहरू, भत्ता वितरणसम्बन्धी प्रतिवेदन, भत्ता वितरण भरपाई लगायत अन्य आवश्यक कागजातहरू |

## ४. बालविवाह अन्त्यका लागि समुदाय परिचालन कार्यक्रम

| शीर्षक | विवरण |
|---|---|
| स्थानीय तह | बागमती प्रदेशका सबै गाँउपालिका (७५ वटा) |
| उद्देश्य | बालविवाहको अन्त्य गरी बालविवाहमुक्त प्रदेश निर्माण गर्न सहयोग पुऱ्याउनु |
| सञ्चालन गर्न सकिने कार्यक्रम | १. बालविवाह अन्त्य सम्बन्धी स्थानीय तहको रणनीति निर्माण गर्न एवम् उक्त रणनीति कार्यान्वयनका लागि निर्धारित कार्यक्रम संचालन गर्न,<br>२. बालविवाह अन्त्य गर्न विद्यालय/सामुदायिक स्तरमा बाल क्लब, युवा क्लब वा अन्य समूह |



माननीय कुमारी माेक्तान
सामाजिक विकास मन्त्री

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
हेटौंडा, नेपाल



| शीर्षक | विवरण |
|---|---|
| | निर्माण गर्ने वा भएका समूहमा बालिकाहरूको सहभागितालाई प्रोत्साहन गर्ने कार्यक्रमहरू सञ्चालन गर्न,<br>३. बालविवाह विरुद्ध सरकारी, गैर सरकारी, निजी संघसंस्थाहरू र परिवारसँग समन्वय गरी बालक्लब र समुदायका बाल बालिकाहरूको क्षमता अभिवृद्धि गर्न,<br>४. बाल अधिकार, लैङ्गिकता, पितृसत्तात्मक सोच, यौनिकता, यौन तथा प्रजनन् स्वास्थ्य तथा अधिकारका साथै बालविवाहका विषयमा बालबालिका, किशोरकिशोरी तथा पुरुषहरूको सहभागिता तथा सचेतना अभिवृद्धि गर्न,<br>५. बालविवाह अन्त्य सम्बन्धी सूचनामूलक श्रव्य-दृश्य विज्ञापन सामाग्री उत्पादन तथा प्रशारण होडिङ बोर्ड, पोस्टर, पम्प्लेट, ब्रोसर जस्ता सचेतनामूलक सामाग्री उत्पादन र प्रकाशन एवम् प्रसारण गर्न,<br>६. बालविवाह तथा बालबालिकामाथि हुने हिंसाका घटनाहरू न्यूनीकरण र पुनर्स्थापना गर्न,<br>७. बालविवाह रोकथामका लागि उद्धार तथा पुनर्स्थापना कार्यको व्यवस्थापन गर्न,<br>८. बालमैत्री पुर्वाधार तयार गरी सुरक्षित वातावरण समेतको उचित व्यवस्थापन गर्नका लागि शिक्षक, कर्मचारी तथा व्यवस्थापन समितिका पदाधिकारीहरू लगायतलाई आवश्यक अभिमुखीकरण प्रदान गर्न,<br>९. स्थानीय तहले बालविवाह अन्त्यका लागि प्रभावकारी ठानिएका अन्य कार्यहरु गर्न ।<br>१०. उल्लेखित कार्यक्रम संचालन गर्दा बालविवाह अन्त्य सम्बन्धी प्रादेशिक रणनीति, २०७६ र स्थानीय तहको रणनीति भएमा सो समेत कार्यान्वयन हुने गरी गर्नुपर्नेछ । |
| बजेट बाँडफाँट र स्वीकृति | प्रचलित नियमानुसार कार्यक्रम तथा बजेट बाँडफाँट स्वीकृत गरी कार्यक्रम सञ्चालन गर्नु पर्नेछ । |
| खर्च र लेखापरीक्षणः | बालविवाह अन्त्यको लागि मन्त्रालयबाट प्राप्त भएको सशर्त अनुदानको रकम खर्च गरी आय व्ययको विवरणको प्रचलित कानुनबमोजिमको लेखा राख्नु पर्नेछ । कार्यक्रम खर्चको आन्तरिक लेखापरीक्षण र अन्तिम लेखा परीक्षण प्रचलित कानूनबमोजिम हुनेछ । सोको प्रतिवेदन मन्त्रालयमा पठाउनु पर्नेछ । |
| अनुगमन र मुल्याङ्कन सूचक | कार्यक्रम प्रतिवेदन, अनुगमन प्रतिवेदन, खर्च विवरण एवम् बिल भरपाई तथा अन्य स्रेस्ता कागजातहरू तथा कार्यक्रम सम्बन्धी फोटोहरू |
| प्रतिवेदन | बालविवाह अन्त्यका लागि समुदाय परिचालन कार्यक्रमको प्रगति प्रतिवेदन चौमासिक र वार्षिक रुपमा तयार गरी स्थानीय तहले मन्त्रालयमा पठाउनुपर्नेछ । |

२०८०/८/३०

२०८०/८/३०

माननीय कुमारी मोक्तान
सामाजिक विकास मन्त्री